# गरिमा विकास बैंक लिमिटेड
# GARIMA BIKAS BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)

काठमाडौं-२, लाजिम्पाट फोन नं. : ०१-४४४५४२४/२५/२६/२७/२८ फ्याक्स नं. ०१-४४४५४३०
E-mail: info@garimabank.com.np, URL : www.garimabank.com.np

## बोनस शेयरमा लाग्ने कर वापतको रकम जम्मा गर्ने सम्बन्धमा शेयरधनीहरुलाई जारी गरिएको सूचना

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०७८/१२/१८ मा सम्पन्न १५औं वार्षिक साधारण सभाबाट आ.व. २०७७/०७८ को मुनाफाबाट शेयरधनीहरुलाई १६ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भएको व्यहोरा जानकारी गराउँदछौं । साविकको सहारा विकास बैंक लिमिटेडलाई प्राप्ति गरी गरिमा विकास बैंक लिमिटेडको नामबाट एकिकृत कारोवार भएको मिति २०७८/०७/२८ गते पश्चात् शेयर खरीद गरेका शेयरधनीहरुको हकमा सो थप शेयरमा प्रचलित आयकर ऐन, २०५८ को दफा ४७(क) अन्तर्गतको व्यवस्था बमोजिम कर लाग्ने र सो कर वापतको रकम शेयरधनी स्वयंले नै तिर्नुपर्ने भएकाले उक्त थप शेयरबाट आर्जित बोनस शेयरमा लाग्ने कर वापतको रकम तपसिल बमोजिमको बैंक खातामा जम्मा गरी सो भौचर यस बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेडको इमेलः rts@niblcapital.com मा पठाउनु भए पश्चात् मात्र रकम जम्मा गरेको भौचर र बैंक खातामा जम्मा भएको रकमसंग भिडान गरी क्रमशः बोनस शेयर नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत भए पश्चात् मात्र हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**बोनस शेयरको कर वापतको रकम जम्मा गर्ने बैंकको विवरण :**

| | |
|---|---|
| बैंकको नाम | : गरिमा विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ। |
| खाता नं. | : 04000101013893000001 |
| खाताको नाम | : NIBL ACE Capital - GBBL Bonus Tax 2077-078 |

कर वापतको रकम बैंकमा जम्मा गर्दा भौचरमा **आफ्नो हितग्राही खाता नं.**, **नाम तथा मोबाइल नम्बर** समेत अनिवार्य रुपमा उल्लेख गर्नुहुन अनुरोध गर्दछौं ।

**बोनसमा तिर्नुपर्ने कर बापत रकमको जानकारी प्राप्त गर्ने तरिका :**

**आफुले प्राप्त गर्ने बोनस शेयरमा लाग्ने करको विवरण विकास बैंकको वेबसाईट www.garimabank.com.np अथवा शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेडको वेबसाईट www.niblcapital.com मा गई हेर्न सकिनेछ।**

शेयर दाखिला खारेजी बन्द भएको मिति २०७८/१२/०४ भन्दा अघिल्लो दिन सम्ममा आफ्नो शेयर धितोबन्धक राखी कर्जा सुविधा उपभोग गर्नु भएका शेयरधनीहरुको बोनस शेयरको कर वापतको रकम जम्मा गर्नु पर्ने भए सो समेत जम्मा गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter वा फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बोनस शेयर हितग्राही खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

अन्य थप जानकारीकालागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

मिति २०७९/०२/१२ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने